## बोलपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे सूचना

**प्रकाशित मिति: २०८०/०१/०६**

यस मेलम्ची नगरपालिकाबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार e–bid मार्फत कार्यालयमा दर्ता भएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनोट भएको बोलपत्र दाता | कबोल रकम रु.(मु.अ.क.सहित) |
|---|---|---|---|---|
| 1 | MMSI/WORKS/NCB/2079-80/31 | Landslide Protection Work At Bahunepati Thakle Road. | M/S Narayan Than Nirman Sewa, Sindhupalchok | NRS. 15,09,126.35 |
| 2 | MMSI/WORKS/NCB/2079-80/30 | Construction Of Water Supply Scheme At Maghigau Ward no.10. | M/S Rudra Bhairab Construction, Sindhupalchok | NRS. 20,27,262.72 |

## INVITATION FOR ELECTRONIC BIDS

**First Date of Publication : 2080/01/06**

Melamchi Municipality invites electronic bids from eligible bidders for the following works under National Competitives Bidding Single Stage bidding Procedures

| S.N | Name of the Project/ Contract Identification No. | Estimated amount Including Vat | Bid Security Amount NRs | Price of Bid Document NRs | Last Date of Bid Submission and time | Last Date of Bid opening and time |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Pragya primary School Building (MMSI/WORKS/NCB/2079-80/35) | NRs. 33,74,970.28 | NRs. 72,000 | NRs.3,000 | 2080/01/13, 12:00 Hrs | 2080/01/13, 13:00 Hrs |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### कोरोना संक्रमण फैलन नदिऔं

शून्यमा झरेको कोरोना भाइरसको संक्रमण अहिले बढ्दै गइरहेको छ । पछिल्लो समय संक्रमदर बढ्ने मात्रै होइन संक्रमितको मृत्युसमेत हुन थालेको छ । मंगलबार पनि कोरोना भाइरसको संक्रमणबाट दुई जनाको निधन भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार मंगलबार संक्रमित दुई जनाको मृत्यु भएको हो । यसले कोरोनाको संक्रमणले फेरि खतराको संकेत गरेको छ ।

मन्त्रालयका अनुसार मंगलबार दुई हजार २९२ जनामा गरिएको परीक्षणमा १७१ जनामा संक्रमण पुष्टि भएको छ । पछिल्ला दिनहरूमा एक सयको हाराहारीमा संक्रमित थपिँदै आएका छन् । काठमाडौं उपत्यकामा २२ जना आइसोलेसन, आठ जना सघन उपचार कक्ष (आइसियू), चार जना भेन्टिलेटरमा उपचाररत रहेका मन्त्रालयको भनाइ छ ।

छिमेकी मुलुक भारतमा देखिएको कोरोना भाइरसको नयाँ भेरियन्ट 'ओमिक्रोन एक्सबिबी १.१६' नेपालमा पनि देखिएसँगै संक्रमित बढ्न थालेको हो । नेपाल–भारत खुला सीमा तथा ठूलो संख्यामा आउजाउ हुने भएकोले कोरोनाको नयाँ भेरियण्ट नेपालमा आइपुग्नु कुनै नौलो कुरा होइन । बरु, भारतमा नयाँ भेरियण्टको संक्रमण बढ्दै जाँदा सीमानाकामा सतर्कता नअपनाउनु नेपाल सरकारको कमजोरी हो । कोरोनाले मुलुकलाई थिलोथिलो बनाएको घट्ना ताजै छ । उक्त महामारीले थला पारेको मुलुकको अर्थतन्त्र अहिलेसम्म उठ्न सकेको छैन । मानवीय क्षतिको पक्ष अलग्गै छ । त्यसैले फेरि संक्रमण बढ्न नदिन सरकारले सचेतता अपनाउन सक्नुपर्थ्यो, त्यो देखिएन ।

पछिल्लो समय नेपालमा कोरोना भाइरसको संक्रमण बढ्दै जानुले सरकारी बेवास्ता प्रस्ट हुन्छ । भारतमा देखिएको नयाँ भेरियण्ट तीव्र गतिमा संक्रमण हुने बताइएको छ । नेपालमा पनि यसको प्रवेश भइसकेकोले जनस्वास्थ्यका मापदण्डहरूको पूर्णपालना गराउनु सरकारको दायित्व हो । साथै, जनस्तरबाट पनि स्वयंले सतर्कता अपनाउन जरुरी छ । महामारीबाट बच्नु र महामारी फैलन नदिनु आमनागरिकको कर्तव्य हो ।

पछिल्लो समय दैनिक संक्रमण बढ्दै गएको संक्रमणले सतर्कता अपनाउन ढिलाइ गर्न नहुने प्रस्ट पार्दछ । मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. चुमनलाल दासका अनुसार अहिले देखापरेको भेरियन्ट संक्रामक रहेको छ । संक्रमण बढ्न थालेपछि मन्त्रालयले अस्पतालहरूलाई तयारी अवस्थामा रहन निर्देशन दिइसकेको छ । महामारी नियन्त्रण सरकारको एक्लो प्रयासले मात्र सम्भव छैन । त्यसैले हरेक नागरिक यसमा जिम्मेवार बन्नुपर्छ । कोरोना संक्रमण फैलिन नदिन सबैले आ–आफ्नो स्थानबाट भूमिका खेल्नुपर्छ ।

## मनन्योग्य


### विदुर नीति

राजा द्रुपद पनि विराटनगरमा गएर भाबी कार्यक्रम र युद्धको तयारीबारे छलफल गर्दथे । राजा द्रुपदले आफ्ना पुरोहितलाई कुरु नरेश धृतराष्ट्रकहाँ पाण्डवहरूको राज्य फर्काउनेबारे खबर गर्न पठाए। पुरोहितले भनेको युक्तियुक्त भनाइलाई भीष्म आदिले अनुमोदन गर्दा पनि दुर्योधनले अस्वीकार गरिदियो ।

पुरोहित विराटनगरमा फर्किएर गएपछि धृतराष्ट्रले सञ्जयलाई आफ्नो दूत बनाएर युद्धमा भीष्म आदि स्वजनहरूलाई मारेर राज्य भोग गर्नुभन्दा भीख मागेर खानु बेश हो' यही सन्देश युधिष्ठिरलाई सुनाइदिनू भनी पठाए । त्यसपछि विराटनगरबाट युधिष्ठिर र श्रीकृष्णको सन्देश लिएर आएका सञ्जयले आउँदाआउँदै सोझै धृतराष्ट्रकहा गएर भने। कि "पाण्डवहरू धर्मपूर्वक ने आफ्नो राज्य फिती चाहन्छन् । यदि उनीहरूलाई उचित भाग दिइएन भने संसारभरि नै अनर्थ हुनेछ। यात्राका कारण अहिले म (सञ्जय) थाकेको छु। विशेष कुराहरू भोलिको जमघट (सभा) मा नैं भन्नेछु' सञ्जयका यी भनाइले राजा धृतराष्ट्र ज्यादै नै विचलित हुन पुगे मनमनै विचार गर्न थाले कि भोलि सभामा सञ्जयले सबैको सामुन्नेमा के-के भन्ने हुन् ।

यस किसिमको विषम मानसिक उल्झनमा परी निद्रा नलागिरहेको अवस्थामा उनले विदुरलाई बोलाए। आफ्नो मनोव्यथा भन्दै विदुरको सम्मति र सुझाव मागे। संकटापन्न समयमा महात्मा विदुरले धृतराष्ट्रलाई महत्त्वपूर्ण ज्ञान र नीतिका कुराहरू भने यी कुराहरूलाई विदुरनीति भनिन्छ। धृतराष्ट्रले विदुरलाई 'महाप्राज', ' महाबुद्धे', 'धर्मार्थ कुशल' भनी गर्ने गरेको सम्बोधनले पनि विदुरको ज्यादै सम्मानित व्यक्तित्व थियो भन्ने स्पष्ट हुन्छ । क्रमशः

# चलायमान अर्थतन्त्रका सार्थक प्रयास



नेत्र सुवेदी 'प्रयास'

> अबको समय आर्थिक रूपान्तरणको हुनुपर्दछ । अर्थतन्त्रलाई बलियो र दिगो बनाउने हो भने देशभित्रको मागअनुसारका सीपयुक्त जनशक्ति निर्माणमा, सर्वप्रथम आन्तरिक बजार र क्रमशः नजिकको बाह्य बजारको मागअनुसार वस्तु र सेवा उत्पादन एवं वितरणको व्यवस्था गर्नुपर्दछ । व्यावसायिक क्षेत्रमा खासगरी उत्पादन, रोजगारी र आय बढ्ने काममा सबै तहका सरकारहरूले प्राथमिकतापूर्वक नीतिगत र कार्यक्रमगत व्यवस्था गर्नु जरुरी छ । आर्थिक विकासको एजेण्डा सिंगो देशकै प्रमुख सवाल बन्नुपर्दछ ।

नयाँ वर्ष प्रारम्भ भएसँगै पुरानो वर्षका कतिपय चुनौतीहरू भने नयाँ वर्षमा सरेर आएका छन् । शिथिल भएको अर्थतन्त्र बौरिएको छैन । पुँजीगत खर्चको अवस्था कमजोर हुँदा बजारको शिथिलतामा त्राण नआएको तर्कसमेत प्रस्तुत भइरहेका छन् । तीनवटा निर्वाचन क्षेत्रमा उपनिर्वाचन हुने मिति नजिकिँदै छ ।

बैंकबाट प्रवाह हुने कर्जाको ब्याजदर व्यवसायीमैत्री नरहेको टिप्पणी जारी नै छ । नेपाली युवा रोजगारीका लागि विदेशी भूमिमा निर्भर रहने क्रम संघीयतापछि पनि घट्न सकेको छैन उल्टो बढेको छ । हरेक वर्षजस्तो आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट तयारीका कामहरू सुरु भएको छ । तीन तहका सरकार छन् तर यी सरकारहरूले ठोसरूपमा कुन नीतिगत खाका प्रयोग गरेर उत्पादनमूलक अर्थतन्त्रको आधार तयार गर्ने भन्ने कार्य भने हालसम्म हुन सकेको छैन ।

संविधानले परिकल्पना गरेको आर्थिक समृद्धि/समाजवादोन्मुख अर्थतन्त्र होस् वा पन्ध्रौं योजनाले लिएको 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा नै किन नहोस् वास्तविक धरातलमा उत्रने गरी यी विषयको व्याख्या र व्यवस्था दुवै हुन सकेन । नीति कार्यक्रम र बजेट हरेक वर्ष पेस भएकै छन् तर खर्चको अवस्था अति कमजोर छ । चालु वर्षमा राजस्व संकलनको अवस्थासमेत कमजोर हुन गई अनिवार्य दायित्वको भुक्तानीका लागिसमेत वैकल्पिक स्रोत खोज्नुपर्ने दबाबमा सरकार पुगेको छ । यस्तो अवस्थामा स्वदेशमा रहेका सम्भावनाहरूको उजागर गर्नेतर्फ नीति, कार्यक्रम र बजेट निर्देशित हुनुपर्ने देखिन्छ ।

**संघीय संरचनामा उपलब्ध अवसर**

नेपालको संविधान २०७२ ले गरेको व्यवस्थाअनुसार मुलुकमा तीन तहका सरकारहरू क्रियाशील रहिआएका छन् । देशैभरबाट संकलन भएको आमदानीलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तयार गरेको सूत्रअनुसार सातवटै प्रदेश र ७५३ वटा पालिकामा आर्थिक वर्षको सुरुदेखि अन्त्यसम्म किस्ताबन्दी रूपमा बाँडफाँट गरिन्छ । सबै शासकीय एकाइहरूले आ-आफ्नो नीति, कार्यक्रम र बजेट तर्जुमा र कार्यान्वयन गर्दछन् । राष्ट्रियस्तरमै समग्रमा मार्गदर्शन गर्ने नीति र कार्यक्रम नेपाल सरकारले तर्जुमा गरेर लागू गर्दछ । स्थान विशेषका सवाल तथा प्राप्त अधिकारअनुसार आफ्नै नीति तथा कानुनबाट समाधान गर्न प्रदेश र स्थानीय तह स्वतन्त्र छन् । यस क्रममा उत्पादन, प्रतिस्पर्धा र लगानीको उपयुक्त वातावरण तयार गर्नका लागिसमेत केन्द्रबाट संविधानको मर्म अनुकूल हुने गरी नीति लिनु उपयुक्त हुन्छ ।

समाजवादोन्मुख र आत्मनिर्भर अर्थतन्त्र हुनका लागि कुन-कुन पात्रहरूले के-कस्तो अगुवाइ लिने भन्ने पनि प्रस्ट पारिनु पर्दछ । उत्पादन, वितरण वा व्यापार, उपभोग, सेवाको विस्तार र मौलिक उत्पादनको संरक्षणसहितको प्रवर्द्धनमा भने सबै एकाइहरूले प्राथमिकतापूर्वक नीति, कार्यक्रम र बजेट निर्माण गरी कार्यान्वयनमा उतार्न सक्दछन् । सम्भावनाको राष्ट्रियकरण र समस्याको स्थानीयकरण गर्नमा संघीय शासकीय व्यवस्था खरो उत्रनुपर्दछ । विकृतिको चाङ लगाउने नभई नवीनतम र उदाहरणीय आर्थिक रूपान्तरणका कार्यक्रमहरू अघि सारेर अन्य तहसँग परिपूरकको भूमिकामा देखिनु आवश्यक छ । कतिपय स्थान र सवालमा सहकार्यको ढाँचा प्रयोग गर्न सकिन्छ । जस्तो कि जलविद्युत् योजना, बस्ती विकास कार्यक्रम, उत्पादन संकलन तथा बिक्री वितरण केन्द्र एकभन्दा बढी प्रदेश वा स्थानीय तहहरू मिलेर कार्यान्वयन गर्न सक्दछन् ।

**स्थानीय आर्थिक विकासको मोडल प्रयोगको सन्दर्भ**

नेपालमा लघु उद्यम विकास कार्यक्रमको मोडल सफल मोडलका रूपमा लिइन्छ । यसमा उद्यम विकास, बजारीकरण, जीवनस्तर विकासमार्फत गरिबी निवारणका विषयहरू यसमा समेटिइएका छन् । विगतमा सफलताको सिँढीमा अगाडि बढेको मोडल भएकै कारण संघीयता कार्यान्वयनमा आएपश्चात् पनि प्रत्येक स्थानीय तहमा उद्यम विकास कार्यक्रम समेट्ने संरचना र जनशक्ति आबद्ध गरिएको छ । यो कार्यक्रमले निजी क्षेत्रलाई समेत विश्वासमा लिएर सहभागितामूलक मोडलमा उत्पादन, आय र रोजगारी वृद्धिलाई अगाडि बढाउने अवधारणा प्रयोगमा ल्याएको छ ।

केही वर्षयता आएर नेपालमा स्थानीय आर्थिक विकासको मोडलका सम्बन्धमा केही सरकारी दस्तावेजहरू तयार भएका छन् । उत्पादनसँग सामूहिक शक्ति (विद्यार्थी, महिला समूह, सहकारी, क्लब वा अन्य सामाजिक अभियानमा संलग्न) लाई जोड्न सकेमा अर्थतन्त्र चलायमान हुन सक्छ/बेरोजगारी हट्न सक्छ । स्थानीय सम्भावना र आवश्यकताअनुसार उत्पादनको आइटम फरक हुन सक्छ तर अर्थतन्त्रलाई आत्मनिर्भर र टिकाउ बनाउने भनेकै स्थानअनुसारका प्रोडक्टको उचित बजारीकरण मात्र हो । स्थानीय आर्थिक विकास एक यस्तो अवधारणा हो जसले स्थानीय सम्भावनाको सहभागितामूलक ढंगले सदुपयोग गर्दै आय र रोजगारी बढाउने कामहरू हुने गर्दछ ।

समग्र परिवेशको बहुपक्षीय ढंगले मसिनो विश्लेषण गर्दै मिहेनतसाथ काम गर्दै जाने र परिपूरक भूमिकामा रहेका पात्र संलग्न भएर मात्र दिगो स्थानीय आर्थिक विकास सम्भव छ । आवधिक योजनाको दस्तावेजमा सहकारी, निजी, सरकार र सामुदायिक क्षेत्रलाई मुख्य चार पात्रका रूपमा लिइएको छ । यीमध्ये निजी क्षेत्रलाई प्रमुख पात्रका रूपमा स्वीकार गर्नुपर्दछ किनभने निजी क्षेत्रले मात्र नवीन सोचका साथ उद्यमी कामहरू गर्न सक्दछन् र आवश्यक पर्दा जोखिम पनि लिन सक्दछन् । यसो भन्दैमा उदाहरणीयरूपमा भूमिका खेलिरहेका अन्य संगठित संस्थाहरू वा अभियन्ता समूहलाई पनि समेट्न सकिँदैन भन्ने हुँदैन । तुलनात्मकरूपमा राम्रो भूमिका रहने हदसम्म उनीहरूको सहभागिता रहन सक्छ ।

व्यापारको संरचना केलाउँदा नेपालले विदेशबाट किनेर उपभोग गरिरहेका कतिपय वस्तुहरू खासगरी खाद्यान्न र निर्माण सामग्रीहरू नेपालमै उत्पादन, प्रशोधन र वितरण गर्न सकिने देखिन्छ । नेपाली भूमिमा अन्न उत्पादन बढाउन सम्भव छ, तरकारी र फलफूल पनि हामीलाई पुग्ने गरी उत्पादन हुनसक्छ । सिमेन्ट उत्पादनमा क्रान्ति आएजस्तै अन्य बढी उपभोग हुने निर्माण सामग्री र मालसामान नेपालमा उत्पादन गर्ने परिस्थिति सिर्जना गर्न सकिन्छ । पहिलेदेखि उत्पादन गर्दै आएका कतिपय अन्न, दलहन र फलफूल उत्पादनका लागि प्राविधिक जनशक्ति नेपालमै उपलब्ध छन् । केही आधुनिक औजार र तौरतरिका आवश्यक पर्ला । योबाहेक उत्पादित वस्तुको उपयुक्त बजारीकरण तथा वितरण महत्त्वपूर्ण छ । स्थानीय बजार व्यवस्थापनमा समयानुकूल नयाँ सीप चाहिन्छ ।

संयुक्त राष्ट्रसंघको उपमहासचिवको जिम्मेवारी सम्हालेका नेपाली कूटनीतिज्ञ कुलचन्द्र गौतमद्वारा लिखित पुस्तक 'लस्ट इन ट्रान्जिसन' मा लेखकले नेपालमा भइरहेका छ खराब प्रवृत्तिको सूचीमा अति राजनीतिकरण, हिंसा र दण्डहीनताको संस्कृति, आर्थिक सवालहरूको सम्बन्धमा चरम बेवास्ता, जिम्मेवारी पन्छाउने प्रवृत्ति, संयोजनामा भन्दा विभाजनमा रमाउने सामाजिक संस्कृति र गर्नेभन्दा गरेजस्तो देखाउने प्रवृत्ति समाविष्ट छन् । यी सबै विषयले आर्थिकरूपमा सबल बन्ने मार्गमा अवरोधको काम गरेको प्रतीत हुन्छ ।

आर्थिक विकासलाई सारभूतरूपमा प्राथमिकता, मिहेनत गर्ने बानी, स्वदेशी प्रयोग गर्ने संस्कृति र आर्थिक चक्रको संस्थागत विकास नै समृद्धिको आधार हो । यी जिम्मेवारीहरू स्थानीय तहले पूरा गर्न स्रोतको अभाव नहोस् भन्नका लागि साझेदारी वा संयुक्त व्यवस्थापनमा स्थानीय तहले कार्य गर्न सक्ने अवस्था रहेको छ । स्थानीय सरकारहरू आर्थिक समृद्धिका लागि आपसी समन्वयसमेत गरी बजार शक्तिको भरपूर प्रयोगमार्फत आर्थिक उन्नतिको सशक्त आधार भूमि बन्न सक्दछन् । यसका लागि खाँचो छ स्थानीय आर्थिक विकासको रणनीति, कानुनी खाका र निरन्तर संवाद गरी उत्पादनशील कार्य गर्ने स्थानीय साझा मञ्चको ।

स्थानीय तहको भूमिकालाई नजिकबाट नियाल्दा प्रमुखरूपमा नियमनकारी भूमिका, लगानीकर्ताका रूपमा भूमिका, अन्य पात्रसमेतलाई लगानीमैत्री वातावरण सिर्जनामा भूमिका जसमा लगानी सम्मेलनहरू आयोजनासमेत पर्न सक्दछ । यसबाहेक सार्वजनिक निजी साझेदारी मोडलको प्रयोग के कसरी गर्ने भन्ने सम्बन्धमा कानुनी र अन्य तयारीसमेत पर्दछन् । मूलरूपमा त उत्पादन र बजार प्रवर्द्धनले विशेष महत्त्व रहन्छ ।

स्थानीय आर्थिक विकासलाई सर्वसाधारणको जीविकासँग जोड्नु आवश्यक छ । यस सम्बन्धमा सम्बोधन गर्नैपर्ने पाँच प्राथमिक विषय छन् । पहिलो भनेको उत्पादन र बजारीकरण केन्द्रित नीति तथा कार्यक्रम आवश्यक पर्दछ । त्यस्तै दोस्रो विषय भनेको समूह शक्तिलाई उत्पादन अभियानमा जोड्ने विषय हो । तेस्रो विषय भनेको आपसमा परिपूरक हुने खालका व्यावसायिक प्रयत्नहरूलाई राज्यका तर्फबाट सहजीकरण गर्ने विषय पर्दछ । चौथो पक्ष भनेको मौलिक उत्पादनको संरक्षण र प्रवर्द्धन गर्ने विषय पर्दछ । देशको उत्पादनलाई संरक्षणसहितको प्रवर्द्धनका लागि आयतमा नियन्त्रण र कडाइ पनि आवश्यक छ । यसबाहेक सरकारी कार्यालयमा आवश्यकीय चीजहरू सम्भव भएसम्म नेपाली नै खरिद गर्नुपर्दछ । त्यस्तै, पाँचौं विषय भनेको नेपालको अवस्थिति र सम्भावनाअनुसारका प्रोडक्टको विश्वबजारमा प्रचारप्रसार एवं मूल्य अभिवृद्धिको प्रयत्नसमेत पर्दछ । तसर्थ, उत्पादनसँग जोडिने कामहरूलाई नीति, कार्यक्रम र पूर्वाधारका तर्फबाट समग्र इकोसिस्टम तयार गर्नुपर्दछ ।

**निष्कर्ष**

अबको समय आर्थिक रूपान्तरणको हुनुपर्दछ । अर्थतन्त्रलाई बलियो र दिगो बनाउने हो भने देशभित्रको मागअनुसारका सीपयुक्त जनशक्ति निर्माणमा, सर्वप्रथम आन्तरिक बजार र क्रमशः नजिकको बाह्य बजारको मागअनुसार वस्तु र सेवा उत्पादन एवं वितरणको व्यवस्था गर्नुपर्दछ । कष्टकर जीवनका साथ विदेशी भूमिमा रहेर आर्जन गरेको कमाई उपभोगमा र अनुत्पादक क्षेत्रमा खर्च हुनु दुःखद कुरा हो । व्यावसायिक क्षेत्रमा खासगरी उत्पादन, रोजगारी र आय बढ्ने काममा सबै तहका सरकारहरूले प्राथमिकतापूर्वक नीतिगत र कार्यक्रमगत व्यवस्था गर्नु जरुरी छ । आर्थिक विकासको एजेण्डा सिंगो देशकै प्रमुख सवाल बन्नुपर्दछ । सबै सामूहिक र व्यक्तिगत पहल यही मिसनका लागि सहयोगी बन्नुपर्दछ । आर्थिक रूपान्तरणका लागि कर्मशील र अनुशासित कार्यसंस्कृतिले स्थान पाउनुपर्दछ । स्थानीय आर्थिक विकासको समष्टिले मात्र राष्ट्रियस्तरमा दह्रो र टिकाउ आर्थिक समृद्धि हुन सक्दछ । सबै तहका सरकारहरूले नयाँ नीति तथा बजेट जारी गर्दा यसलाई प्राथमिकता दिए मात्रै अर्थतन्त्र चलायमान हुनसक्छ । *रासस*

***(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुन्)***

## पत्र–मञ्जुषा

### पार्टी प्यालेसले भित्र्याएको बेथिति

पहिले-पहिले मठमन्दिरमा विवाह, ब्रतबन्धलगायत अन्य संस्कार गर्ने गरिन्थ्यो । यसो गर्दा कम खर्चमै सस्कार टुंगिन्थ्यो । तर, अहिले सानो कार्जे गर्न पनि पार्टी प्यालेस नै रोजिन्छ । पछिल्लो समय पार्टी प्यालेसहरू च्याऊ उम्रिएझैं उम्रिएका छन् । दुई-तीन घरको फरकमा पार्टी प्यालेस भेटिन्छन् । थोरै जग्गामा पार्टी प्यालेस खोल्ने अनि लुटको धन्दा मच्चाउने । चार आनादेखि डेढ रोपनी जग्गामा पार्टी प्यालेस खोलिएको छ त्यो पनि सडकको दायाँबायाँ । सडकसँगै जोडेर पार्टी प्यालेस खोल्न इजाजत दिइएको छ । तर, यसले ट्राफिक व्यवस्थापना र आमनागरिक मर्कामा परेका छन् ।

पर्याप्त जग्गामा पार्टी प्यालेस नखोल्दा सडकमा सवारी पार्क गरिन्छ । जसले गर्दा ट्राफिक जाम बढेको छ । उता, दुर्घटनाको जोखिम पनि उत्तिकै छ । जनसंख्या बढेसँगै बस्ती पनि बढेको छ । जहाँ घनाबस्ती छ, त्यही पार्टी प्यालेस खोल्ने प्रवृत्ति हामीकहाँ देखिएको छ । तर, यसले आमनागरिकलाई पारेको असर पार्टी प्यालेस सञ्चालकले देखेका छैनन् । पार्टी प्यालेस रातभर खुला हुन्छ । होहल्ला गर्ने क्रम रातभर चल्छ । जसका कारण उक्त क्षेत्रमा बस्ने आमनागरिकलाई निकै 'डिस्टर्ब' हुन्छ । सम्बन्धित निकायले नियमन नगर्दा पार्टी प्यालेसहरूले मनलाग्दी गरिरहेका छन् ।

पार्टी गर्दा लिने रेट पनि सञ्चालकहरूको जिब्रोमा छ । प्लेट र चम्चा समात्यो कि पैसा तिर्नुपर्ने हुन्छ । पार्टी प्यालेसहरूले एक प्लेट खानाको १५ सयदेखि २५ रूपैयाँसम्म तोकेका छन् । तर, बच्चा र वृद्धवृद्धाले कति खान्छन् ? बच्चा र वृद्धवृद्धालाई सरकारले हरेक क्षेत्रमा सहुलियत दिएको छ । सार्वजनिक यातायात, अस्पताललगायतका क्षेत्रमा उनीहरूले आधा छुट पाउँछन् । तर, पार्टी प्यालेसले उनीहरूलाई छुट दिँदैन । जबकि, उनीहरूले अरुले खाएकोजति खाना पनि खान सक्दैनन् । पैसा त खानाअनुसारको हुनुपर्ने होइन् र ?

पार्टी प्यालेसमा भोज दिनुको कारण त पछिल्लो समय छर्लंग देखिन थालेको छ । धनी-धनीलाई छानेर बोलाउने अनि पार्टी दिएको खर्च उठाउने । आफ्नै नातेदार भए पनि आयस्तर हेर्न थालिएको छ । राम्रो लुगा लगाउन नसक्ने र खर्च गर्न नसक्नेलाई संस्कारमा बोलाउनै छाडिएको छ । घरमै विवाह गरेको भए यो अवस्था सिर्जना त हुदैनथ्यो । पार्टी प्यालेसले समाजमा विकृति ल्याएको छ । संस्कार मासिँदै गएको छ भने आफ्नो नजिकको नातेदारमा समेत भेदभाव गर्न थालिएको छ । पार्टी प्यालेसमा भोज दिनुको कारण अरुमाथि रवाफ जमाउनु त हो ।

विवाह त सामान्य तरिकाले पनि हुन्छ । आफ्नो आयस्तरले धान्ने गरी रितिरिवाज पुरा गरिरहेकै थिए । पहिलेपहिले नातेदार मात्र होइन्, पुरै टोलछिमेकलाई नै निमन्त्रणा दिइन्थ्यो । आफ्नो घरमा जे पाकेको हुन्थ्यो, त्यही खुवाउने गरिन्थ्यो । एकअर्कालाई सहयोग गरेर रितिरिवाज गर्ने चलन थियो । विवाहमा चिन्दै नचिनेको व्यक्ति गएपनि खान दिइन्थ्यो । गरिब र धनी भनेर भेदभाव गरिदैनथ्यो । छिमेकीलाई छिमेकीले सहयोग गर्दा खर्च पनि कम लाग्थ्यो । दाउरा काट्ने, घरहरू सजाउने, पकाउनेलगायतका कामहरू सबै मिलेर गर्ने चलन थियो ।

विवाहमा उत्तिकै रमाइलो हुन्थ्यो । वर्षौंदेखि भेट नभएका साथीभाइ, इष्टमित्र, नातेदार हरूसंग भेट्न पाउँदा छुट्टै आनन्द आउथ्यो । पहिलेपहिले चामल घरमै हुन्थ्यो । तरकारी बारीमै फलाउँथे । खसीबोका घरमै पाकेको हुन्थ्यो । दाउरा पनि घरमै हुने भएकाले किन्नुपर्ने अवस्था थिएन् । किन्नुपर्ने भनेको बेहुलाबेहुलीलाई कपडा र सुन हो । एकदेखि तीन लाखमा धुमधामसँगै विवाह सकिन्थ्यो । विवाह गर्ने भन्नेबित्तिकै छिमेक, नातेदार हरूले सहयोग गर्थे । ब्याज नतिर्ने गरी पैसा पैचोंको रूपमा दिने गरिन्थ्यो । आफूलाई पनि भोलिको दिनमा सहयोग चाहिन्छ भनेर उनीहरूले अरुलाई पनि सहयोग गर्थे ।

जग्गा बेचेर विवाह गर्नुहुँदैन भन्ने मान्यता त्यतिबेला थियो । यता, विवाह गर्न ऋण लिने कार्यको विरोध गरिन्थ्यो । उत्ताउलो खर्च गर्न समाजले नै रोक लगाउथ्यो । तर, अहिलेको परिस्थिति देख्दा धेरैलाई आश्चर्यचकित लाग्छ । नेपालीको सोचाइ कति तल्लो स्तरको छ भन्ने प्रमाण अहिलेको अवस्थाले देखाउँछ । जग्गा जोड्नुको साटो बेचेर भोज दिने चलन हाम्रो समाजमा मौलाएको छ । ऋण लिएर मँहगा रक्सीसहितको भोज दिइन्छ । हाम्रो समाज कुन दिशामा गइरहेको छ त ? यो प्रश्न साँच्चिकै गम्भीर छ ।

– ***संगीता मगर,*** *सीतापाइला*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# तनहुँका १६ केन्द्र महिलाको जिम्मा

**दमौली–** तनहुँ-१ मा हुन लागेको प्रतिनिधिसभा उपनिर्वाचनका लागि मतदान अधिकृत र सहायक मतदान अधिकृत तोकिएका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयले यही वैशाख १० मा हुन लागेको उपनिर्वाचनका लागि १५२ मतदान केन्द्रमा मतदान अधिकृत र सहायक मतदान अधिकृत नियुक्त गरेको हो ।

नियुक्त भएका मतदान र सहायक मतदान अधिकृतका मंगलबार र बुधबार (वैशाख ५ र ६ गते) अभिमुखीकरण प्रदान गरिने निर्वाचन कार्यालय तनहुँका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिए । अभिमुखीकरणपश्चात् ७ गतेबाट मतदान अधिकृतलाई आवश्यक सामग्रीसहित सम्बन्धित मतदान केन्द्रमा खटाइने ढकालले बताए । ‘सदरमुकामबाट टाढा दूरीमा रहेका मतदान केन्द्रमा ७ गतेबाटै आवश्यक सबै सामग्री दिएर कर्मचारी खटाउँछौं,’ ढकालले भने ।

कूल १५२ मतदान केन्द्रमध्ये १६ मतदान केन्द्रमा महिलालाई जिम्मेवारी दिइएको छ । भानु नगरपालिकामा कार्यरत भगवती शर्मालाई भानु-२ स्थित होमराज लोहनी शारदा शिक्षा सदन, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा कार्यरत पार्वती पौडेललाई भानु-३ स्थित मर्स्याङ्दी आधारभूत विद्यालय, कृषि विकास बैंकमा कार्यरत रसिला श्रेष्ठलाई भानु-६ स्थित पङ्केपसल आधारभूत विद्यालय (ख), शुक्लागण्डकीमा कार्यरत दुर्गा अधिकारी तिमिल्सिनालाई व्यास-२ स्थित सत्यवती माध्यमिक विद्यालय (ख), तनहुँ अदालतमा कार्यरत देवी भण्डारी चापागाईंलाई सत्यवती माध्यमिक विद्यालय (ग) मतदान केन्द्रमा मतदान अधिकृतको जिम्मा दिइएको छ ।

शुक्लागण्डकीमा कार्यरत मञ्जु सुवेदीलाई व्यास-४ स्थित मदर्शा आधारभूत विद्यालय (ग), सडक डिभिजन कार्यालयमा कार्यरत बबिता शर्मालाई व्यास-७ स्थित पञ्चज्योति आधारभूत विद्यालय (ख), शुक्लागण्डकीमा कार्यरत अस्मिता सुवेदीलाई पञ्चज्योति आधारभूत विद्यालय (ग), व्यासमा कार्यरत कल्पना खनाललाई आँबुखैरेनी-३ स्थित रामशाह माध्यमिक विद्यालय (ख), भानुमा कार्यरत सरस्वती गुरुङ ढकाललाई बन्दीपुर-१ स्थित विष्णु माध्यमिक विद्यालय (ख) केन्द्रमा मतदान अधिकृतको जिम्मेवारी दिइएको छ ।

आँबुखैरेनीमा कार्यरत निर्मला कुँवरलाई बन्दीपुर-१ स्थित पवित्रा माध्यमिक विद्यालय (ख), तनहुँ अदालतमा कार्यरत लक्ष्मी रिमाल पराजुलीलाई बन्दीपुरस्थित भानु माध्यमिक विद्यालय (ख), भिमादमा कार्यरत टेकावती ढकाललाई बन्दीपुरस्थित दिल आधारभूत विद्यालय (ख), व्यासमा कार्यरत सावित्री आचार्य कोइरालालाई बन्दीपुरस्थित जगदीश्वर आधारभूत विद्यालय (ख), व्यासमा कार्यरत लक्ष्मी गुरुङलाई बन्दीपुरस्थित चन्द्रोदय आधारभूत विद्यालय (ख) र देवघाटमा कार्यरत पुष्पादेवी बरामलाई व्यासस्थित जलदेवी माध्यमिक विद्यालय (ङ) केन्द्रमा मतदान अधिकृतको जिम्मेवारी दिइएको छ ।

तनहुँ क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य रामचन्द्र पौडेल राष्ट्रपति बन्नुभएपछि यस क्षेत्रमा उपनिर्वाचन हुन लागेको हो । उपनिर्वाचनका लागि २०८० वैशाख ९ गतेसम्म १८ वर्ष पूरा हुने एक लाख २३ हजार ३०५ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ । *रासस*

## सिंहदरबारसँग...

पृष्ठ १ बाट जारी

फोहोर थुपारिदियो । टेलिकमले सडक खनेर अलपत्र छाडेको आरोप लगाउँदै महानगरले फोहोर टेलिकमको आँगनमा थुपारेको थियो ।

वीरगञ्जको बाइपास सडकमा अप्टिकल फाइबर तार बिछ्याउने क्रममा टेलिकमले कालोपत्रे सडक र फुटपाथ खनेर महिनौंदेखि अलपत्र छाडेपछि महानगरले सहरबाट संकलित सात ट्र्याक्टर फोहोर श्रीपुरस्थित टेलिकमको प्रादेशिक निर्देशनालय कार्यालय परिसरभित्रै लगेर फालेको थियो ।

महानगरको उक्त कदमपछि दबाबमा परेको टेलिकमले खनेर छाडिएका सडक र फुटपाथ २२ गते बिहानैदेखि मर्मत गर्न थाल्यो । टेलिकम प्रादेशिक कार्यालयका प्रमुख अनन्त प्रकाश मल्लिकले महानगरको कार्यालयमै पुगेर सडक र फुटपाथको बाँकी रहेको मर्मत कार्य चैत २७ भित्रै पूरा गर्ने लिखित प्रतिबद्धता जनाए । मल्लिकले वीरगञ्जका मेयर राजेशमान सिंहसमक्ष उक्त प्रतिबद्धता जनाएका हुन् ।

टेलिकमले सडक र फुटपाथ मर्मतको काम सुरु गरेपछि टेलिकम परिसरभित्र थुपारेको फोहोर पनि महानगरले नै उठायो । कतिपयले मेयर बालेनले पनि वीरगञ्जकै मेयरको शैली अपनाएको बताएका छन् । यद्यपि, संघ सरकारले बालेनको यो शैलीलाई ठीक मानेको छैन ।

### धरानका मेयरको उस्तै हाँक

दिनमै कयौं स्टाटस लेखेर चर्चामा आउने मेयर हुन् धरानका साम्पाङ । उनले केही दिनअघि फेसबुकमा सांसदहरूलाई लक्षित गरेर स्टाटस लेखेका छन् । धरानबासीलाई पानी खुवाउने सपना बाँडेर मेयर जितेको हर्कले पानी ल्याउने प्रोजेक्ट यसपटक नपरे सांसदहरूलाई धरान पस्न निषेध गर्ने चेतावनी दिएका हुन् । ‘यसपालीको बजेटमा कोशीको पानी ल्याउने प्रोजेक्ट परेन भने माननीयज्युहरूलाई धरानमा निषेध गरिनेछ ! तल तीनकुनेमै बोर्ड राखिनेछ फोटोसहितको ! ख्याल नठान्नुहोला ! यो फेसबुक चलाउने मान्छे धरानको नगरप्रमुख हो भन्ने नभुल्नु !’ मेयर साम्पाङले लेखेका छन् । आफैले खानेपानी खुवाउने सपना देखाए पनि प्रोजक्टको आश भने उनले संघीय र प्रदेशका सांसदहरूसँग राखेका छन् ।

उनले लेखेको स्टाटसमा काठमाडौंका मेयर बालेनले कमेन्ट गर्दै ‘गर्ने नै यस्तै भन्दै सर्मथन जनाएका छन् । उनको स्टचाटसमा साहले लेखेका छन् -पूर्ण समर्थन, गर्ने नै यही हो ।


**रिलायान्स फाईनान्स लिमिटेडको बचत खातामा हकदावी सम्बन्धी ३५ दिने सूचना**

(प्रकाशित मिति: २०८०/०१/०६)

**गोरखा जिल्ला आरुचनौटे गा.बि.स वडा नं. ३ बस्ने श्री रुद्र भक्त श्रेष्ठको छोरा श्री भुवन प्रसाद श्रेष्ठ को मिति २०७९/१०/०१ गते मृत्यू भएकोले निजको नाममा यस संस्थामा रहेको बचत खाता नं. १०११७००००००१०५ बन्द गरी उक्त बचत खातामा रहेको रकम पाउं भनी मृतकका श्रीमती मँगल देवी श्रेष्ठले निबेदन दिनु भएको हुदां उक्त बचत खातामा रहेको निक्षेप उपर निज बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र अधिकारवालाले सबुद प्रमाण सहित दावी गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कुनै पनि हकवालाको निबेदन नपरेमा माग बमोजिम रकम प्रदान गरिने व्यहोरा जानकारी गराईन्छ । साथै म्याद भित्र प्राप्त नभएको र रित नपुगेको हकदावीको निबेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।**

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
**Head Office:** B.J. Bhawan, Pradarshani Marg, Kathmandu.
Tel: 01-5361104, 5323117 , 5361041, 5361167
info@reliancenepal.com.np | www.reliancenepal.com.np
वित्तीय सेवाको अर्को परिभाषा



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DAR AL BARAKA UNITED BUILDINGS CONSTRUCTION

पुर्व स्वीकृति मिति २०८०/०१/०५ | LT. No.284948 | चलानी नं. ६०२००३२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 120 | ५१,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
श्रम इजाजत न .७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : METRO SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/३० | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०१/०५ | LT. No. 272037 | चलानी नं. ६०१८७७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Secuity Guards | 50 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUN RAY GLOBAL OVERSEAS PVT. LTD.**
918/067/68
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email :sunray918@gmail.com, srgoverseas@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : R K SUPERMARKET

पुर्व स्वीकृति मिति २०८०/०१/०५ | LT. No.284965 | चलानी नं. ६०२००३३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 3 | 1300 | ४६,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALCAT CONTRACTING CO WLL

पुर्व स्वीकृति मिति २०८०/०१/०५ | LT. No.284964 | चलानी नं. ६०२००३३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 1200 | ४३,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electric | 10 | 0 | 1200 | ४३,१९० | | | | | | | |
| 3 | Foreman | 10 | 0 | 2500 | ८९,९७५ | | | | | | | |
| 4 | Heavy Driver | 5 | 0 | 2100 | ७५,५८० | | | | | | | |
| 5 | Labour | 20 | 0 | 1000 | ३५,९९० | | | | | | | |
| 6 | Mason | 15 | 0 | 1200 | ४३,१९० | | | | | | | |
| 7 | Plumber | 10 | 0 | 1200 | ४३,१९० | | | | | | | |
| 8 | Reinforce Fitter | 10 | 0 | 1200 | ४३,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला : बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SAMPAANATA OVERSEAS PVT. LTD.**
Govt. License 1579/079/080
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com,
info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEAM FORCE INDUSTRIES SDN.BHD.

पुर्व स्वीकृति मिति २०८०/०१/०५ | LT. No. 284542 | चलानी नं. ६०२००३४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MACE INSTRUMENTATION SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०९/१४ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०१/०५ | LT. No. 278571 | चलानी नं. ६०१९४१०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 50 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ता:** रु.२,००२/- कामदार आफैले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**
श्रम इजाजत नं. १२३८/०७४/०७५
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com



## फ्रि भिषा !! फ्रि टिकट !!
## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FINNIT PACKAGING INDUSTRIES SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०१/०५ | LT. No. 284913 | चलानी नं. ६०२००३१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : JUMBO PREMIER SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०१/०५ | LT. No. 284914 | चलानी नं. ६०२००३११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MING CASTLE SDN. BHD.

पुर्व स्वीकृति मिति २०८०/०१/०५ | LT. No. 284915 | चलानी नं. ६०२००३१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 10 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SHANGERILA RESTAURANT SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०१/०५ | LT. No. 284916 | चलानी नं. ६०२००३१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 8 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**
श्रम इजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net



## साउदी/बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THAWAN CO. LTD.

पुर्व स्वीकृति मिति २०७९/११/१९ | LT. No.281775 | चलानी नं. ६०२००३०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1300 | ४५,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOMOS FOOD OF THE HIMALAYAS W.L.L

पुर्व स्वीकृति मिति २०७९/०३/१५ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०१/०५ | LT. No.265660 | चलानी नं. ६०१८४२१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव BHD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cook | 3 | 0 | 160 | ५३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 2 | 0 | 110 | ३७,०५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Govt. License 387/059/060
Chondol, Gitanjali Marga 04, Kathmandu, Nepal
Tel: +977 1 4418252, Fax: +977 1 4480765
Email: paradeshiservices@gmail.com
Website: www.paradeshioverseas.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HYUNDAI GREEN FOOD CO LTD ABU DHABI

पूर्व स्वीकृति मिति २०७९/०९/११ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०१/०५ | LT. No. 278242 | चलानी नं. ६०१९३७५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ordinary labourer | 72 | 0 | 800 | ३१,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**
श्रम इजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BSNT AL-ARABIA INDUSTRIAL SERVICES & CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७९/०६/२७ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०१/०५ | LT. No. 273750 | चलानी नं. ६०१८९२२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 1 | 0 | 2500 | ८७,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Installation Labour | 1 | 0 | 1200 | ४२,१३५ | | | | | | | |
| 3 | Whole Vehicle Driver | 1 | 0 | 1800 | ६३,२०० | | | | | | | |
| 4 | Building Painter | 1 | 0 | 1200 | ४२,१३५ | | | | | | | |
| 5 | Labour | 2 | 0 | 1000 | ३५,११० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

# प्रभाव दैनिक

बुधबार, ०६ वैशाख २०८० (Wednesday, April 19, 2023)





### जवानमा दीपिकाको केमियो

बलिउडमा एउटा नियम स्थापित छ । त्यो यो हो कि कुनै पनि फिल्ममा अभिनेता शाहरूख खान र अभिनेत्री दीपिका पादुकोणले अभिनय गरे भने त्यो फिल्मले बक्सअफिसमा अवश्य नै धमाल गर्छ । 'ओम शान्ति ओम' होस् या 'चेन्नई एक्सप्रेस' अथवा पछिल्लो 'पठान' नै किन नहोस् । यी फिल्ममा यो जोडीको केमेष्ट्रीलाई दर्शकले खुबै मनपराए । अब पुनः यो जोडी फिल्म 'जवान'मा देखिँदैछन् । हालैमात्र फिल्मको सुटिङ सेटबाट एक तस्वीर सामाजिक सञ्जालमा सार्वजनिक भएको थियो । तस्वीरमा दीपिका र शाहरूखलाई नृत्यरत अवस्थामा देख्न सकिन्छ । जुन तस्वीर यतिबेला भाइरल भइरहेको छ ।



# नेपाल प्रज्ञा प्रतिष्ठानको ३९ औं प्राज्ञसभ । सम्पन्न




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रज्ञा प्रतिष्ठानको ३९औं प्राज्ञसभा सम्पन्न भएको छ । नेपाली भाषा-साहित्य, इतिहास, दर्शनशास्त्र र समाजशास्त्र विषयको सर्वोच्च प्राज्ञिक संस्था नेपाल प्रज्ञा प्रतिष्ठानको ३९औं प्राज्ञसभाको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले मंगलबार उद्घाटन गरे ।

उक्त अवसरमा मन्त्री किरातीले नेपाली समाज इतिहास र संस्कृतिको पुनर्लेखन गर्दै समाजवादी संस्कृतिलाई अंगिकार गर्नुपर्नेमा जोड दिए ।

यसैगरी उद्घाटन सत्रका सभाध्यक्ष तथा नेपाल प्रज्ञा प्रतिष्ठानका माननीय कुलपति भूपाल राईले नेपालको सम्पूर्ण साहित्य, भाषाभाषी, संस्कृतिको प्राज्ञिक खोज-अनुसन्धान गर्दै नयाँ संस्कृति निर्माण गर्नुपर्नेमा जोड दिए ।

यसैगरी आफ्नो स्वागत मन्तव्यका क्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति विमलकृष्ण श्रेष्ठ 'विमल निभा' ले प्राज्ञिक क्षेत्रको समष्टि रूप नै प्रज्ञा भएको बताए ।

भाषा आयोगका अध्यक्ष गोपाल ठाकुरले समग्र भाषाहरूको उत्थान र विकासमा जोड दिँदै नेपाल प्रज्ञा प्रतिष्ठानसँग सधैं समन्वय गर्दै अघि बढ्ने बताए । त्यस्तै राष्ट्रिय योजना आयोगका सदस्य रामकुमार फुयालले स्रस्टाहरूको प्रतिलिपि अधिकार सुरक्षित गर्नेमा आफू तत्पर रहेको बताए ।

यस प्राज्ञ सभाको उद्घाटन सत्रलाई नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमुनि हार्तम्छालीले प्राज्ञिक क्षेत्रको सर्वांगीण विकासका लागि आफू लागि पर्ने बताए । त्यस्तै नेपाल संगीत तथा नाटच प्रज्ञा प्रतिष्ठानका कुलपति निशा शर्माले एकआपसमा सांस्कृतिक क्षेत्रको उन्नायन र सहकार्यका लागि आफू प्रतिबद्ध रहेको बताइन् ।

# 'गायनमा निरन्तरता नै सफलता हो'

**काठमाडौं–** रियालिटी शोमार्फत उदाएका गायक कर्मा शेर्पा गत हप्ता नेपालमा थिए । काठमाडौंमा जारी 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स' का सहभागी प्रतियोगीलाई हौसला प्रदान गर्न यहाँ आएका शेर्पाले प्रतियोगीसँगै एक हप्ता बिताए । प्रतियोगीलाई उनको सुझाव थियो, 'कलामा निरन्तरता महत्वपूर्ण हो ।' 'विश्वभरका नेपाली अहिले प्रतियोगितामा प्रतिस्पर्धा गरिरहनुभएको छ । उहाँहरूलाई आफ्नो अनुभव र ज्ञान प्रदान गर्नुका साथै हौसला दिन यहाँ आएको हुँ", गायक शेर्पाले भने ।

भारतीय गायन रियालिटी शो 'सारेगमपा सिंगिङ सुपरस्टार'का प्रतियोगी गायक शेर्पाले आफ्नै संगीत संस्थानको स्थापना गरी नव प्रवेशीलाई मार्गदर्शनसमेत गरिहेका छन् । अन्य नवप्रतिभाहरूलाई दिने सुझावजस्तै उहाँको पनि कलामा निरन्तरता छ ।

'म यो मञ्चसम्म पुग्न निकै सङ्घर्ष गरेको छु। अरूले पनि त्यहि सङ्घर्ष गर्न नपरोस् भनेर काम गरिरहेको छु । किनकि धेरै प्रतिभा गन्तव्यसम्म नपुग्दै हराउने गरेका छन्', गायक शेर्पाले भने । इन्ट्रा-नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन अफ अमेरिकाको आयोजनामा यहाँ जारी प्रतियोगिताका सहभागीलाई उनले भनेका थिए, 'म पनि सहजै यो स्थानमा पुगेको होइन । प्रत्येक कला क्षेत्रका कलाकारका लागि पनि निरन्तरता र मेहनत महत्वपूर्ण छ ।'

उनले दार्जीलिङमै छँदा त्यहाँ आयोजित एक गायन प्रतियोगितामा भाग लिने अवसर पाएका थिए । प्रतियोगितामा उनी उत्कृष्ट दशमा पर्न सकेनन् । 'जब उत्कृष्ट दशको पत्रिकामा नाम आयो तब मेरो नाम थिएन', उनले विगत सम्झिए, 'पत्रिकामा नाम नदेखेपछि रुँदै घर फर्किएँको थिए ।'

'सारेगमपा सिंगिङ सुपरस्टार'बाट पनि उनी प्रतियोगीकै रूपमा बाहिरिए । भारतीय संगितकार विशाल एण्ड शेखरको समूहमा रहेका गायक शेर्पाले अन्तिम समयमा राम्रो प्रस्तुति हुँदा पनि बाहिरिएका थिए ।

'बाहिरिएपछि मञ्च पछाडि रुँदै गर्दा मलाई विशाल सर सम्झाउँदै भन्नुभयो, योभन्दा राम्रो अवसरले पर्खिएको हुनसक्छ अगाडि बढ्नुहोस्', उनले सुनाए । उनी सांगीतिक कार्यक्रमका क्रममा विश्वका कैयौं देशमा आफ्नो प्रस्तुति दिइसकेका छन् ।

पछिल्लो समय प्रशारित भइरहेका यस्ता रियालिटी शोहरू वास्तविकताभन्दा पर रहेको उनको बुझाइ छ । 'पहिले जस्तो निर्णायकले प्रतिक्रिया दिँदैनन्, तारिफ मात्रै गर्छन्', उनले भने, 'हामीले गाउने समयमा अलिकति तलमाथि हुँदा पनि कडा प्रतिक्रियाको सामना गर्नुपर्थ्यो ।'

उनको बुझाइमा अहिले दर्शक निर्णयक बनेका छन् भने भोटबाटै उत्कृष्ट गायक छनोट हुन थालेका छन् । पचासभन्दा बढी देशबाट छानिएका मध्येबाट नृत्य र गायनमा ५०/५० प्रतियोगी छनोट गर्न हाल काठमाडौंमा अडिसन जारी छ । 'मेरो भ्वाइस युनिभर्स'को निर्णायकमा गायक दीप श्रेष्ठ, संगीतकार सुरेश अधिकारी, पुष्पन प्रधान, गायिका अञ्जु पन्त र सुजाता वर्मा छन् ।

यसैगरी नृत्यतर्फ निर्णायकमा अभिनेत्री मिथिला शर्मा, नृत्यकार शङ्कर विसी, अभिनेता दिलीप रायमाझी, अभिनेत्री केकी अधिकारी र प्रियङ्का कार्की, नरमान राई छन् । कार्यक्रमका प्रस्तोतामा अभिनेत्री रिमा विश्वकर्मा, कलाकार सन्दीप क्षेत्री, सञ्चारकर्मी नरेश भट्टराई र सुनिता गुरुङ छन् ।

नेपालमा आयोजना गरिएको यो शो अहिलेसम्मकै सबैभन्दा धेरै पुरस्कार राशिको हो । गायन र नृत्य प्रतियोगितामा छानिएकामध्ये प्रथम हुनेले जनही एक करोड, दोस्रो हुनेले ३० लाख र तृतीय हुनेले २० लाख पुरस्कार प्राप्त गर्नेछन् ।



नेपाली मूलका भुटानी अमेरिकी युवा व्यवसायीले नेपाली भाषा, कला र संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना गरेको फाउण्डेसनले विश्वमा बसोबास गरिरहेका नेपालीबीच सांस्कृतिक एकता कायम गर्न उक्त गायन र नृत्य प्रतियोगिताको आयोजना गरेको जनाइएको छ । फाउण्डेसनका अध्यक्ष डिल्ली अधिकारीले संसारमा छरिएर रहेका नेपालीलाई आफ्नो पुर्खाको देशसँग नेपाली भाषा र कलाका माध्यमबाट पुस्तौँपुस्तासम्म जोड्नका लागि नेपालमै सो प्रतियोगिताको आयोजना गरिएको जानकारी दिए । *रासस*

## रंगशाला

**एसिसी पुरुष प्रिमियर कप**

# मलेसियामाथि नेपालको शानदार जित

### भिम र कुशलको शानदार ब्याटिङका साथै सन्दीप र सोमपालको उत्कृष्ट बलिङ




■ प्रभाव संवाददाता

**काठमाडौं–** घरेलु मैदानमा मंगलबारदेखि सुरु भएको एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगितामा नेपालले मलेसियामाथि सहज जित निकालेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको खेलमा समूह 'ए' मा रहेको नेपालले मलेसियालाई ६ विकेटले पराजित गरेको हो ।

मलेसियाले जितका लागि दिएको २३६ रनको चुनौती नेपालले ३६ दशमलव २ ओभरमा ४ विकेट गुमाउँदै पूरा गऱ्यो । नेपालको जितमा भीम सार्कीले सर्वाधिक ७१ रनको योगदान दिए । उनले ९८ बल खेल्दै पाँच चौका प्रहार गरे ।

त्यस्तै, कुशल मल्लले ४० बलमा पाँच छक्का र पाँच चौका प्रहार गर्दै अविजित ७० रन बनाए । साथै कप्तान रोहित पौडेलले ४२, कुशल भुर्तेलले ३८ तथा दीपेन्द्र सिंह ऐरीले अविजित ५ रन जोडे ।

बलिङतर्फ मलेसियाका मोहम्मद वाफिक, रिजवान हैदर, विजयी उन्नी र विरनदीप सिहंले समान एक-एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको मलेसियाले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर २३५ रनको योगफल बनायो । मलेसियाका लागि अहमद फैजले सर्वाधिक ७६ रनको योगदान दिए । ९५ बल खेलेका उनले आठ चौका र एक छक्का प्रहार गरे । त्यस्तै विरन्दीप सिंहले ४६ रन बनाए भने मोहम्मद आमिरले १७ रन जोडे ।

त्यस्तै, खिजार ह्यायातले २२ तथा सैजरुल इद्रुसले २१ रन बनाए । विजय उन्नीले १२ रन जोडे भने सायद अजिज १३ रन बनाए ।

बलिङतर्फ नेपालका सोमपाल कामी र सन्दीप लामिछानेले समान ३/३ विकेट लिँदा ललितनारायण राजवंशी दुई तथा गुल्सन झाले एक विकेट झारे । यस जितसँगै समूह 'ए' मा रहेको घरेलु टोली नेपालले दुई अङ्क जोडेको छ। नेपालको समूहमा ओमान, कतार, मलेसिया र साउद अरेविया छन् । त्यस्तै, समूह 'बी' मा संयुक्त अरब इमिरेट्स (युएई) हङकङ, कुवेत, सिंगापुर र बहराइन छन् । भोलि कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा युएई र कुवेतबीच खेल हुनेछ भने मूलपानीमा ओमान र कतार आमनेसामने हुने छन् ।

**सूर्य नेपाल गल्फ टुर २०२२**

# सञ्जय र सद्भाव शीर्ष स्थानमा

■ प्रभाव संवाददाता




**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२२-२३ अन्तर्गत सातौं प्रतियोगिता सूर्य नेपाल एनपीजीए टुर च्याम्पियनसिपको दोस्रो दिन एमेच्योर खेलाडी सद्भाव आचार्य र प्रो सञ्जय लामा एक स्ट्रोकको अग्रता सहित शीर्ष स्थानमा रहेका छन् ।

गोकर्ण गल्फ क्लबमा राष्ट्रिय टिमका सदस्य सद्भावले दिनकै उत्कृष्ट ६-अन्डर ६६ को कार्ड बनाए। सञ्जयले २-अन्डर ७० को नतिजा निकाले। दुवैले ३६ होलको समाप्तीमा समग्रमा ८-अन्डर १३६ स्कोर बनाउँदै डिफेन्डिङ च्याम्पियन सुबाश तामाङलाई एक स्ट्रोकले पछि पारे । नेपाल नम्बर एक एमेच्योर गल्फर सुबाशले ५-अन्डर ६७ मा दोस्रो दिनको खेल सकाउँदा उनी समग्रमा ७-अन्डर १ सय ३७ सहित तेस्रो स्थानमा उक्लिएका छन् ।

४-अन्डर ६८ को कार्ड तयार पारेका निरज तामाङ समग्रमा ३-अन्डर १ सय ४१ को स्कोरमा चौथो स्थानमा उक्लिए। रबि खड्काले १-ओभर ७३ को स्कोर जोड्दा समग्रमा २-अन्डर १ सय ४२ सहित पाँचौं स्थानमा तल झरे । दोस्रो दिन लयमा फर्किएका दाबेदार भुवन नगरकोटीले ४-अन्डर ६८ को प्रदर्शनका साथ समग्रमा १-अन्डर १ सय ४३ सहित छैटौं स्थानमा उक्लिए ।

समग्रमा इभन-पार १ सय ४४ सहित सातौं स्थानमा रहने क्रममा कमल तामाङले दोस्रो दिन १-अन्डर ७१ मा खेल सकाए। पोखराका प्रो भुबहादुर गुरूङले ३-ओभर ७५ स्कोर गर्दा समग्रमा १-ओभर १ सय ४५ सहित आठौं स्थानमा रहेका छन् । समग्रमा २-ओभर १ सय ४६ को नतिजामा रमेश अधिकारी र तोरण विक्रम शाहीले संयुक्तरूपमा नवौं स्थान बाँडे। रमेशले १-अन्डर ७१ र तोरणले ३-ओभर ७५ मा दोस्रो दिनको खेल सकाए ।

३६ होलको समाप्तीमा १४-ओभर १ सय ५८ स्कोर गर्ने २१ प्रो र आठ एमरच्योर खेलाडीले कट बनाएका छन् । प्रोतर्फ दिनेश प्रजापति, राजेन्द्र श्रेष्ठ प्रधान, शिवराम पौडेल, सुर्यप्रसाद शर्मा, जयराम श्रेष्ठ, रामकृष्ण श्रेष्ठ, बलभद्र राई, भुवनकुमार रोक्का, प्रदीपकुमार लामा, टंक बहादुर कार्की, रामे मगर, धन बहादुर थापा र दीपक मगरले कट बनाए ।

एमरच्योरतर्फ सहभागी नौ मध्ये आठ खेलाडीले कट बनाएका छन् । विजय श्रेष्ठ आइनहाउस, सुरेश तामाङ, वांगचेन ढोन्डुप, टासी छिरिङ, युवराज भुजेल र भरत थापा मगरले अन्तिम दुई राउन्डको लागि स्थान सुरक्षित गरे ।

सदभावले सुरूवात सानदार गर्दै फ्रन्ट नाइन ७-अन्डर २९ मा सकाए । उनले पहिलो होलमा बर्डी प्रहार गर्दै दिनको सुरूवात गरे। यसपछि तेस्रो देखि सातौं होलसम्म लगातार ५ बर्डीको सफलता प्राप्त गरे । नवौं होलमा पनि एक सट बचाए। फ्रन्ट नाइनमा उम्दा प्रदर्शन गरेका सदभावले ब्याक नाइनमा भने १-ओभर ३७ खेले । उनले १२औं होलमा बर्डी प्रहार गरेपनि १३औं र १५औं होलमा एक-एक सट खेर फाले ।

पहिलो दिनका लिडर सञ्जय लामाले फ्रन्ट र ब्याक नाइन दुवै १-अन्डर ३५ मा सकाए । दोस्रो, चौंथो र पाँचौं होलमा बर्डी प्रहार गरेका उनले तेस्रो र सातौं होलमा एक-एक सट खेर फाले। ब्याक नाइनमा सञ्जयले ११औं र १२ औं होलमा लगातार दुईवटा इगलको सफलता प्राप्त गरे । तर त्यसपछि उनले लय गुमाउँदै १४औं र १६औं होलमा डबल बोगी खेपे । सञ्जयले १८औं होलमा बर्डी प्रहार गर्दै शीर्ष स्थान बाँडे ।

दक्षिण एसियाली खेलकुदका दोहोरो स्वर्ण विजेता सुबाशले फ्रन्ट नाइन ४-अन्डर ३२ मा सकाउने क्रममा पहिलो र पाँचौ होलमा बर्डी प्रहार गर्दा तेस्रो होलमा इगलको सफलता प्राप्त गरे। यसपछि १२औं होलको बर्डीले ब्याक नाइन १-अन्डर ३५ मा पूरा गरे ।

७२ होलको प्रतियोगितामा ३१ प्रोफेसनल र ९ एमेच्योर खेलाडीले प्रतिस्पर्धा गरिरहेका छन्। कुल ८ लाख नगद पुरस्कार राशीको प्रतियोगिताको विजेताले उपाधिसँगै १ लाख ४० हजार प्राप्त गर्नेछ । दोस्रो हुनेले ९० हजार र तेस्रो हुनेले ६७ हजार प्राप्त गर्नेछन् । उत्कृष्ट २१ भित्र पर्ने अन्य प्रोफेसनल खेलाडीले पनि नगद पुरस्कार प्राप्त गर्नेछन् ।

# सुडान द्वन्द्व : २०० जनाको मृत्यु, १८ सय घाइते

**खार्तुम–** सुडानको राजधानी खार्तुममा गत शनिबारदेखि जारी विद्रोही अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) र सरकारी सेनाबीचको झडपमा करिब २०० जनाले ज्यान गुमाएका छन् भने एक हजार ८०० जना घाइते भएका छन् ।

सुडानका सेना प्रमुख अब्देल फताह अल बुरहान र उनका सहायतक मोहमद हमदान डगालो नेतृत्वको अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ)बीचको जारी द्वन्द्वले देशलाई गम्भीर अराजकतातर्फ धकेलेको छ । भीषण युद्धका कारण अस्पतालहरू क्षतिग्रस्त भएका छन् भने सहायताका काममा अवरोध उत्पन्न भएको छ ।

अस्थिरताको पर्याय बनेको उत्तर पूर्वी यो अफ्रिकी मुलुकमा सन् २०२१ मा लामो समयदेखि शासनसत्ता सञ्चालन गरेका तो ओमार अल बशीरलाई सत्ताच्युत गरेपछि बुहारन र डगालोबीचको शक्ति संघर्षले लिएको उग्ररूपको परिणाम अहिलेको द्वन्द्वको प्रमुख कारण हो ।

सुडानामा नागरिक शासन कसरी पुनःस्थापना गर्ने भन्नेमा उत्पन्न मतभेद नै यो भीषण युद्धको कारण बनेको छ । आरएसएफले देशका सम्भ्रान्त वर्गविरुद्ध सीमान्तकृत समूहको प्रतिनिधित्व हुनुपर्ने माग गरेको छ भने आरएसएफका सेनालाई जातीय सफाया गरेको आरोप बुरहान समूहले लगाएको छ ।

सुडानमा जारी युद्ध लामो समयसम्म चर्कने चेतावनी विश्लेषकले दिएका छन् । युद्धविरामका लागि क्षेत्रीय एवं विश्वव्यापीरूपमा आह्वान भए पनि सम्बद्ध पक्षले त्यसलाई बेवास्ता गरेका छन् । विश्व शक्ति राष्ट्रले वार्ताको माध्यमबाट समस्याको निकास खोज्न आग्रह गरेका छन् तर त्यसको सुनुवाइ भएको छैन । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनले द्वन्द्वरत दुवै पक्षका सेना प्रमुखसँग मंगबार टेलिफोन गरेर तत्काल युद्धविराम गर्न आह्वान गरेका छन् । साथै, उनले सुडानमा कार्यरत कूटनीतिक कर्मचारी र सहायताकर्मी सुरक्षा सुनिश्चित गर्न आग्रह गरेका छन् ।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता जोन किर्बीले खार्तुमबाट अमेरिकी कर्मचारीलाई उद्धार गर्ने कुनै योजना नरहेको बताएका छन् । हाल खार्तुम विमानस्थल बन्द छ भने सुरक्षा चासो बढेको छ । सोमबार खार्तुमको मुख्य विमानस्थलमाथि धुवाँको बादल देखिएको थियो भने टेलिभिजनमा आगो र विष्फोटका दृश्य प्रसारण गरिएका थिए ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससहित बेलायत, अमेरिका, युरोपेली संघ, रुस र चीनले तत्काल युद्ध अन्त्यको आह्वान गरेका छन् । यसैबीच, सुडानका लागि युरोपेली संघका राजदूत एडन ओहारमाथि खार्तुमस्थित उनको निवासमा आक्रमण भएको छ । आयरल्याण्डका विदेशमन्त्री माइकल मार्टिनले आफ्ना कूटनीतिज्ञलाई गम्भीर चोट नलागेको बताएका छन् । आक्रमणबाट कूटनीतिज्ञलाई सुरक्षा गर्ने दायित्वको घोर उल्लंघन भएको बताएका छन् । *रासस/एएफपी*

# 'चीनलाई बदनाम गर्ने जी–सेभेनको प्रयास'

**बेइजिङ–** उन्नत अर्थतन्त्र भएका युरोपेली संघसहित सात राष्ट्रको अन्तरसरकारी अन्तर्राष्ट्रिय राजनीतिक मञ्च जी–सेभनका विदेशमन्त्रीहरूको आज जापानमा सम्पन्न बैठकबाट चीनलाई दुर्भावनापूर्ण निन्दा र बदनाम गर्ने प्रयास भएको बताएको छ ।

बैठकले चीनको गम्भीर अडान र वस्तुनिष्ठ तथ्यलाई बेवास्ता गरेको, चीनको आन्तरिक मामिलामा हस्तक्षेप गरेको तथा द्वेषपूर्णरूपमा चीनको निन्दा र बदनाम गरेको बेइजिङले बताएको हो ।

जी–सेभेनका विदेशमन्त्रीहरूले ताइवान, पूर्वी तथा दक्षिण चीन सागर, सिनजियाङ र तिब्बतसँग सम्बन्धित विषयका बारेमा चिन्ता व्यक्त गर्दै जारी गरेको संयुक्त विज्ञप्तिबारे चिनियाँ विदेश मन्त्रालयमा आयोजित नियमित पत्रकार सम्मेलनमा सोधिएको प्रश्नको जवाफमा विदेश मन्त्रालयका प्रवक्ता वाङ बेनविनले जापानलगायत समूहको आलोचना गर्दै अहंकार, पूर्वाग्रह, चीनको विरोध एवं दमन गर्ने दुष्ट मनसायबाट विज्ञप्ति जारी भएको बताए ।

संयुक्त वक्तव्यप्रति आपत्ति जनाउँदै प्रवक्ता वाङले त्यसको विरोध गरे । साथै, उनले ताइवान चीनको अविभाज्य भाग भएको दोहोर्‍याए । आफ्नै संविधान र सरकार भएको ताइवान एक स्वशासित टापु हो ।

सत्तरी वर्षअघि आफूबाट अलग भएको यसलाई चीनले आफ्नै प्रान्तका रूपमा लिएको छ भने स्वायत्त टापु ताइवानलाई आवश्यक परे बल प्रयोग गरेर मुख्यभूमिमा विलय गर्नसक्ने चेतावनी दिँदै आएको छ । राष्ट्रको 'एक चीन' सिद्धान्तअनुसार कुनै पनि देशले चीन र ताइवान दुवैसँग आधिकारिक कूटनीतिक सम्बन्ध कायम गर्न नसक्ने बताउँदै आएको छ । *रासस/एएफपी*


## स्कुटर हराएको सूचना

मिति २०७९/१०/२९ गते निम्न विवरणको Dio Model को रातो रङको स्कुटर का.जि. कागेश्वरी मनोहरा वडा नं.१६, मुलपानी स्थितमा आफ्नै घर अगाडि पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

धनीको नाम : एच डि कुंवर ट्रेडिङ हाउस का.ट
बाइक नं.: बा.प्र -०२।०२६ प ७५९१
च्यासिस नं.: ME4JE39JEMD029224
इन्जिन नं. : JF39ED1045736
ठेगाना: मनोहरा ६, काठमाडौं
मो.: ९८५११००२३७



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०५७/०६/०४ मा दर्ता भएको प्रा.लि.नं. १३९५३ को **नेपाल सल्फोनेटर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०१/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ दफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०५०/११/०८ मा दर्ता भएको प्रा.लि.नं. ९९०२५ को **इन्डष्ट्रियल केमिकल्स म्यानिफ्याक्चरिङ एण्ड प्रोसेसिङ इन्डष्ट्रिज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ दफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INNOVATION PROGRESS CHEMICAL FACTORY
पुर्व स्वीकृति मिति २०८०/०१/०५ LT. No. 284896 चलानी नं. ६०२००३०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trailer Truck Driver | 2 | 0 | 1800 | ६३,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Upload And Download Operator | 2 | 0 | 1400 | ४९,१५० | | | | | | | |

कम्पनी : IDEAL SUPPORT GEN.CONT.EST
पुर्व स्वीकृति मिति २०८०/०१/०५ LT. No. 284897 चलानी नं. ६०२००३१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Formwork Carpenters | 1 | 0 | 1400 | ४९,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESTORAN TSK
पूर्व स्वीकृति मिति: २०८०/०१/04 LT. No. 284852 चलानी नं. ६०२००२८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Workers | 5 | 0 | 1500 | ४४,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**KINGFISHER OVERSEAS PVT.LTD**
श्रम ईजाजत नं. १४३५/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW HAPPY SUPER MARKET
पूर्व स्वीकृति मिति २०८०/०१/04 LT. No. : 284811 चलानी नं. ६०२००३०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 1 | 0 | 2500 | ८९,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 1 | 0 | 1500 | ५३,९८५ | | | | | | | |
| 3 | Market Manager | 0 | 3 | 5700 | २०५,१४५ | | | | | | | |
| 4 | Salesman | 0 | 2 | 1500 | ५३,९८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JBR Associates Pvt. Ltd.**
श्रम ईजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
Mob No : 9801017866, 9841268351, 9813775981 Pokhara : 9856027539, 9856028841
E-mail : info@jbrassociate.com , Website : www.jbrassociate.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL
पूर्व स्वीकृति मिति: २०७९/०८/१५ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०१/०५ LT No :276982 चलानी नं. ६०१९२५१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 2100 | ७५,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 5 | 0 | 2500 | ८९,७८० | | | | | | | |
| 3 | General Clean Worker | 2 | 0 | 1000 | ३५,९१० | | | | | | | |
| 4 | Labour | 3 | 0 | 1000 | ३५,९१० | | | | | | | |
| 5 | Representative | 2 | 0 | 2500 | ८९,७८० | | | | | | | |
| 6 | Supervisor | 1 | 0 | 2500 | ८९,७८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900
Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IMMORTALE GENERAL TRADING
पूर्व स्वीकृति मिति २०८०/०१/०५ LT. No. 284807 चलानी नं. ६०२००२९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food Service Worker | 0 | 1 | 100 | ३४,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**
श्रम ईजाजत नं. 1365/074/75
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALI BIN ALI HOLDING
पुर्व स्वीकृति मिति २०७८/११/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०१/०५ LT No :258681 चलानी नं. ६०१९०७५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 2 | 0 | 2200 | ७९,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. २५८/०५८/०५९
Sinamangal -9 Kathmandu, Tel : 01- 4110082,
9808865846, 9749355730 Email: career ganapati@gmail.com



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: NDT CORROSION CONTROL SERVICES
पूर्व स्वीकृति मिति २०८०/०१/०५ LT. No.284968 चलानी नं. ६०२००३१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 17 | 0 | 1200 | ४२,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**
Lic No. 1159/074/074
Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KB AIS SDN. BHD.
पूर्व स्वीकृति मिति २०८०/०१/०५ LT. No. 284917 चलानी नं. ६०२००३३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 10 | 0 | 1500 | ४४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)
Govt. License 776/065/066
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-TIBR AL ARABI GOLD COMPANY
पूर्व स्वीकृति मिति २०८०/०१/०५ LT. No.284931 चलानी नं. : ६०२००३२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Goldsmith | 3 | 0 | 1400 | ४९,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Broadway Overseas Employment Service Pvt. Ltd.**
Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Fax : +977 1 4475369



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RAWABI AGRICULTURAL COMPANY
पूर्व स्वीकृति मिति २०७८/११/०२ पुन विज्ञापन स्वीकृति मिति: २०८०/०१/०५ LT. No. 257766 चलानी नं. ६०१७२९५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer | 3 | 0 | 1200 | ४२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १३ गते (26th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११०००० | प्रति तोला – १०९५०० | प्रति तोला – १४५० |



**पोखरामा प्याराग्लाइडिङ** | पोखराको मान्द्रेढुंगाबाट प्याराग्लाइडिङ गर्दै चिनियाँ पर्यटक । पछिल्ला दिनमा पोखरामा चिनियाँ पर्यटक बढी आउने गरेका छन् । *तस्बिरः जमुनावर्षा शर्मा/रासस*

# आर्थिक समृद्धिका लागि बिजुलीको निर्यात आवश्यक : प्रधानमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नीतिगत एवम् व्यावहारिक रूपमा नै सरकारले ऊर्जा क्षेत्रलाई समृद्धिको बलियो आधारका रूपमा मान्यता दिई काम कारबाही अगाडि बढाएकाले यसमा थप लगानी गर्नु आजको प्रमुख कार्यभार भएको बताएका छन् । मंगलबारदेखि सुरु भएको 'पावर समिट-२०२३' लाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले मुलुकलाई आर्थिक रूपमा सबल बनाउँदै अर्थतन्त्रमा गुणात्मक परिवर्तन गर्न पनि हरित ऊर्जा अत्यावश्यक रहेको बताए ।

नेपालले मौसमी रूपमा नै भए पनि उपभोग गर्नेभन्दा बढी ऊर्जा उत्पादन गर्छ भन्ने विश्वसामु घोषणा गर्न पाउँदा ठूलो गर्व लागेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले निजी क्षेत्रका लगानीकर्ता र सरकारको साझा प्रयासबाट जलविद्युत् परियोजनाहरूको विकासको गतिलाई थप तीव्र पार्दा नतिजा हासिल भएको स्पष्ट पारे ।

'हामी सुक्खा मौसममा पनि बिजुली आयात गर्न आवश्यक नपर्ने गरी सन् २०२५ सम्म निर्यात हुने अपेक्षा गर्छौं । त्यसैले हामी हरित ऊर्जाका लागि बजार फराकिलो बनाउनेका लागि उत्तम रणनीतिका साथ यस क्षेत्रमा कार्यरत स्वदेशी तथा विदेशीको अनुभवबाट सिक्न यहाँ भेला भएका छौं ।'

धेरै नेपालीको अझै पनि हरित ऊर्जामा पहुँच छैन भन्ने कुरा हामीले बुझेको उल्लेख गर्दै प्रधानमन्त्रीले भने, 'देशका सबै जनतालाई बिजुली उपलब्ध गराउने लक्ष्यका साथ ग्रिड विस्तार गर्न र अफ ग्रिड प्रविधिमा लगानी विस्तार गरिरहेका छौं ।

प्रसारण र वितरण लाइनहरू विस्तार गर्न र स्थिर विद्युत् आपूर्ति सुनिश्चित गर्न प्रयास गरिरहेका छौं ।' प्रधानमन्त्री दाहालले औद्योगिक मागमा वृद्धि गर्दै आर्थिक रूपमा समृद्ध बन्ने आकांक्षाका साथ उत्पादित बिजुलीको स्वदेशी बजारमा नै उपयोग गर्ने गरी प्राथमिकता तय गरिएको प्रधानमन्त्री दाहालको भनाइ छ ।

स्वदेशमा उत्पादन हुने बिजुली आन्तरिक रूपमा उपयोग गर्न पर्याप्त पूर्वाधार निर्माण नगर्दासम्म यस क्षेत्रमा भइरहेको ठूलो लगानी जोगाउन पनि निर्यात गर्नुपर्ने उनले बताए । क्षेत्रीय र उपक्षेत्रीय बजारमा उपस्थिति जनाउनु आर्थिक रूपले पनि




उत्तिकै महत्वपूर्ण रहेको उनको भनाइ थियो । प्रधानमन्त्री दाहालले धेरै विद्युत् खपत गर्न सक्ने क्षेत्रको प्रवर्द्धन, प्रतिव्यक्ति खपत बढाउन सक्ने वातावरण तय गर्दै जीवास्म इन्धनमा रहेको निर्भरता कम गर्न तथा ठूलो व्यापार घाटालाई कम गर्न पनि बिजुलीको उपयोगिता बढाउनुपर्ने उल्लेख गरे ।

कृषि क्षेत्रको आधुनिकीकरणका लागि पनि ऊर्जाको उपयोगमा तीव्रतर वृद्धि जरुरी रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले उद्योग क्षेत्र अझै पनि डिजेल र कोइलामा निर्भर रहेकाले त्यसको क्षमता वृद्धिका लागि पनि उल्लेख्य रूपमा बिजुलीको उपयोग बढाउनुपर्ने बताए ।

सरकारले नेपालभरका उद्योगलाई प्रतिस्पर्धी दरमा हरित ऊर्जाको पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याउँदै प्रधानमन्त्री दाहालले खाना पकाउने ग्यासको उपभोग घटाउनेतर्फ केन्द्रित गर्नुपर्ने स्पष्ट पारे । 'सबै नेपालीलाई हरित उर्जामा खाना पकाउन लगाउन सक्यौं भने यसले हाम्रो वन संरक्षणमा योगदान पुऱ्याउनेछ र आयातीत ग्यासमाथिको हाम्रो निर्भरता पनि घटाउनेछ', प्रधानमन्त्री दाहालले भने ।

यस्तै, जीवास्म इन्धनको आयात घटाउन र जलवायु परिवर्तनको प्रतिकूल प्रभाव कम गर्न विद्युतीय सवारी साधनको प्रयोगलाई बढावा दिनुपर्ने उल्लेख गर्दै प्रधानमन्त्री दाहालले बिजुली खपत बढाउने महत्वपूर्ण क्षेत्र भनेकै यातायात रहेको बताए ।

प्रधानमन्त्री दाहालले सरकार निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्न तयार रहेको दोहोऱ्याउँदै यस समिटमार्फत नेपालको हरित ऊर्जाको बजारलाई फराकिलो बनाउन मद्दत गर्ने स्पष्ट मार्ग निर्देश गर्ने उल्लेख गरे । फरक एक प्रसंगमा नेपालमा भएका ऐतिहासिक राजनीतिक परिवर्तनपछि नेपाली जनतामा ठूलो आर्थिक विकासको आकांक्षा बढेकाले त्यसलाई सम्बोधन गर्न पनि लगानी विस्तार गर्नुपर्ने उनले बताए ।

जैविक विविधताको संरक्षण गर्ने विश्वव्यापी प्रयासमा नेपाल अग्रपङ्क्तिमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सन् २०४५ सम्ममा 'नेट जिरो' को लक्ष्य तय गरिएको तथ्य पेस गरे ।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले सरकार र निजी क्षेत्र एकापसमा सहकार्य गरेर यस क्षेत्रको गुणात्मक विकास र परिवर्तनमा लागिपरेको बताए । उनले बिजुलीको अन्तर ाष्ट्रिय बजारको खोजी, आन्तरिक रूपमा खपत वृद्धिलगायतका काममा सरकार दीर्घकालीन सोचका साथ अगाडि बढेको उल्लेख गरे । 'हरित ऊर्जाको बजार विस्तारीकरण' भन्ने नाराका साथ मंगलबारदेखि पावर समिट यहाँ सुरु भएको हो । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इपान) ले आयोजना गरेको समिट बुधबारसम्म चल्नेछ ।

उक्त सम्मेलनमा भारत, बंगलादेश, भूटान, श्रीलङ्कालगायत ३० भन्दा बढी देशका तीन सय बढी स्वदेशी तथा विदेशी प्रतिनिधि सहभागी हुन् । समिटमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका उच्च अधिकारी, बिजुली व्यापारसँग आबद्ध कम्पनी, बैंक तथा वित्तीय संस्था, प्रसारण र वितरण कम्पनी, परामर्शदाताहरूको पनि सहभागिता छ ।

समिटमा नेपालको विद्युत् बजार, प्रसारण पूर्वाधार, जलविद्युत्को माग, प्रविधि, नवप्रवर्द्धन, अन्तरदेशीय विद्युत् व्यापारलगायत विभिन्न १५ वटा सत्रमा छलफल हुनेछ । सम्मेलनको संरक्षकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय एवम् सह-आयोजकमा लगानी बोर्ड रहेको समिट आयोजक इपानका अध्यक्ष कृष्णप्रसाद आचार्यले जानकारी दिए ।

# झिनो अंकले घट्यो नेप्से

■ प्रभाव संवाददाता

**काठमाडौं–** पुँजी बजारमा मंगलबार सामान्य अङ्कको गिरावट देखिएको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक तीन दशमलव ०७ अङ्कले घटेर एक हजार नौ सय चार दशमलव ९८ को बिन्दुमा कायम भएको हो । दुई सय ६६ वटा कम्पनीका २९ लाख ७५ हजार नौ सय २० कित्ता सेयर रू ८७ करोड चार लाख ४८ हजार बराबरको कारोबार भएका छन् ।

होटल तथा पर्यटन समूह ४० दशमलव ७५, म्युचुअल फन्ड समूह शून्य दशमलव ०८ र निर्जीवन बिमा समूह पाँच दशमलव ४३ अङ्कले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूहको उपसूचक ४९ दशमलव ६१ र लघुवित्त समूहको उपसूचक २० दशमलव ६५ अंकले घटेको छ ।

बैंकिङ समूह शून्य दशमलव ०१, विकास बैंक समूह १२ दशमलव २७, वित्त समूह छ दशमलव ८६, जलविद्युत् समूह दुई दशमलव ४९ र लगानी समूह शून्य दशमलव ३६ प्रतिशतले घटेको नेप्सेले जनाएको छ । त्यसैगरी, आज जीवन बिमा समूह ११ दशमलव ३०, व्यापार समूह १८ दशमलव ९४ र अन्य समूह शून्य दशमलव ३६ अङ्कले घटेको छ ।

कालिञ्चोक दर्शन लिमिटेड र मोलुङ हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सेयर मूल्य बढी घट्नेमा भने सबैभन्दा धेरै खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य पाँच दशमलव ०५ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका सेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै प्रभु बैंक प्रमोटर सेयर रू पाँच करोड २६ लाख ३२ हजार बराबरको पाँच लाख १६ हजार कित्ता किनबेच भएको छ ।

# गण्डकी प्रदेशको बेरुजु २ अर्बभन्दा बढी

■ प्रभाव संवाददाता

**पोखरा–** गण्डकी प्रदेशको बेरुजु रु दुई अर्ब नाघेको छ । महालेखा परीक्षकको पाँचौं वार्षिक प्रतिवेदनअनुसार आव २०७८/७९ सम्मको बेरुजु रु दुई अर्ब १४ करोड ४४ लाख ७० हजार पुगेको हो ।

अघिल्लो आवमा फछ्र्योट भई रु एक अर्ब ६५ करोड नौ लाख १३ हजार बेरुजु बाँकी रहेकामा आव २०७८/७९ मा रु ४९ करोड ३५ लाख ५७ हजार बेरुजु थप भएको प्रतिवेदनमा उल्लेख छ । आव २०७७/७८ सम्म रु एक अर्ब ७८ करोड ९८ लाख ५१ हजार बेरुजु देखिएको थियो । लेखापरीक्षणबाट औंल्याइएको पछिल्लो बेरुजु प्रदेशका सरकारी कार्यालय, समिति र संस्थाहरूको हो ।

सरकारी निकायतर्फ रु दुई अर्ब ९६ लाख दुई हजार, समिति तथा संस्थातर्फ रु १३ करोड ४८ लाख ६८ हजार गरी कूल बेरुजु रु दुई अर्ब १४ करोड ४४ लाख ७० हजार पुगेको हो । आव २०७८/७९ मा मात्र सरकारी कार्यालयले बेरुजु रु ४५ करोड ५६ लाख ९० हजार र समिति/संस्थातर्फ रु तीन करोड ७८ लाख ६७ हजार छ ।

प्रतिवेदनमा उल्लेख भएअनुसार आव २०७८/७९ मा प्रदेश मातहतका एक सय ७३ कार्यालयको लेखापरीक्षण गरिएकामा ८९ कार्यालयमा लगती बेरुजु देखिएको छैन । यस्तै, १४ समिति र संस्थामध्ये तीनवटामा लगती बेरुजु नदेखिएको हो ।

गत आवमा सबैभन्दा बढी बेरुजु हुनेमा भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, ऊर्जा, जलस्रोत, तथा खानेपानी मन्त्रालय, शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेका छन् ।

भौतिक पूर्वाधारमा ५६ दशमलव ०५ प्रतिशत, ऊर्जामा १४ दशमलव ५४ प्रतिशत, शिक्षामा १० दशमलव ५९ प्रतिशत, भूमि व्यवस्थामा सात दशमलव ३० प्रतिशत र मन्त्रिपरिषद्को कार्यालयमा तीन दशमलव ९४ प्रतिशत बेरुजु देखिएको हो ।

प्रतिवेदनमा प्रदेशसभाले पारित गरेको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि खर्च दक्षता बढाउनुपर्ने, आवश्यक कानुनी प्रबन्ध गर्नुपर्ने, संगठन संरचना र कर्मचारीको यथोचित व्यवस्थापन गर्नुपर्नेलगायतका सुझाव दिइएको छ ।

कर तथा शुल्क असुली प्रक्रियामा पनि सुधार ल्याउनुपर्ने प्रतिवेदनले औंल्याएको छ । गत आवमा विभिन्न कर तथा शुल्कबाट रु १४ अर्ब १२ करोड ७० लाख असुली गर्ने अनुमान गरिएकामा जम्मा रु ११ अर्ब २९ करोड ७९ लाख ७३ हजार असुल भएको प्रतिवेदनमा उल्लेख छ । ४३ दशमलव ५४ प्रतिशत मात्र आन्तरिक आय प्राप्त भएकाले प्रभावकारी रूपमा असुली हुन नसकेको जनाइएको छ । प्रदेश सरकारअन्तर्गत सञ्चालित ४२ प्रतिशत आयोजनाहरूको भौतिक प्रगति ९० प्रतिशत, १३ प्रतिशत आयोजनाहरूको भौतिक प्रगति ४० प्रतिशतभन्दा कम र १३ प्रतिशत आयोजनाहरू सुरु नै हुन नसकेको प्रतिवेदनले औंल्याएको छ । महालेखा परीक्षकको उक्त प्रतिवेदन सोमबार गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङसमक्ष महालेखा परीक्षक कार्यालयका उपमहालेखा परीक्षक राममाया कुँवरले पेस गरेका थिए ।

नेपालको संविधानको धारा २९४ को उपधारा ३ मा प्रदेशको कामकारबाहीका सम्बन्धमा महालेखा परीक्षकको कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुखसमक्ष पेस गर्नुपर्ने संवैधानिक व्यवस्था छ । प्रदेश प्रमुखसमक्ष पेस गरिएको प्रतिवेदन लेखा परीक्षण ऐन २०७५ को दफा १९ को उपदफा ५ बमोजिम मुख्यमन्त्रीमार्फत प्रदेशसभामा पेस हुनेछ ।

# महालक्ष्मी विकास बैंकको ऋणपत्र पूर्ण बिक्री

**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंक लिमिटेडको डिवेन्चर बिक्री भएको छ । बैंकको चैत्र २९ गतेदेखि निष्काशन खुल्ला गरेको '११ प्रतितश महालक्ष्मी डिवेन्चर (२०८९' तोकिएको समय भित्रै अर्थात बैशाख ४, २०८० भित्रै पूर्ण रूपमा बिक्री भईसकेको बैंकले जनाएको छ ।

दश बर्ष अवधि तथा वार्षिक ब्याजदर एघार प्रतिशत भएको '११ प्रतिशत महालक्ष्मी डिवेन्चर -२०७९' प्रति ऋृणपत्र एक हजार रूपैंया अंकित मुल्यका दश लाख कित्ताले हुन आउने जम्मा रकम रु. एक अर्ब रूपैंया बराबरको ऋणपत्रमध्ये साठी प्रतिशत रकम व्यक्तिगत तवरबाट र चालिस प्रतिशत रकम सर्वसाधारण नेपालीहरूको लागि सार्वजनिक निष्काशनबाट बिक्रीका लागि खुल्ला गरिएको थियो ।

इच्छुकले न्यूनतम २५ कित्तादेखि अधिकतम ४ लाख कित्ता सम्मको लागि आवेदन दिन सक्ने व्यवस्था गरिएको उक्त ऋणपत्र खरीदका लागि छिटोमा बैशाख ४ गते र ढिलोमा बैशाख १३ गतेसम्म आवेदन दिइसक्नुपर्ने व्यवस्था गरिएको थियो । यस बैंकको ऋणपत्र तोकिएको छिटो अवधि अर्थात बैशाख ४ गते नै डेढ गुणाले भन्दा बढी खरिद भएको हो ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ